# अक्टोपसहरू
# लामो कवितामा युगचेतना

**शालिकराम पौड्याल***

**सार :**

*समसामयिक युगजीवनका विभिन्न क्षेत्रमा संलग्न व्यक्तिहरूको व्यवहार अत्यन्तै स्वार्थी बन्दै गएको र त्यसबाट जनताले पीडा भोग्नुपरेको वास्तविक तथ्यलाई मुख्य विषय बनाइएको यस अक्टोपसहरू लामो कवितामा स्थान, परिस्थिति र समयअनुसार आफ्नो स्वार्थका निम्ति नाम, बोली, विचार, रूप, आकार बदल्न खप्पिस अक्टोपसरूपी व्यक्तिहरूको चरित्रलाई देखाइएको छ । सधैँ परिवर्तनका खोक्रा नारा फलाक्ने थिनै अक्टोपसहरू अहिले न्याय, स्वतन्त्रता र समानताको गीत गाउने भएका छन् भन्दै कविले अक्टोपसरूपी व्यवहारका मानिसको स्वभावलाई नै मुख्य रूपमा उठान गरेका छन् । यसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देखापरेका राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक विकृति र विसङ्गतिलाई मुख्यरूपमा देखाइएको छ भने मानवमा अन्तर्निहित स्वार्थी व्यवहार र विध्वंसक प्रवृत्तिलाई उदाङ्गो पारिएको छ ।)*

**शब्दकुञ्जी : अक्टोपस, स्वतन्त्रता, विकृति, पाशविक, प्रतीकात्मक, वंशानुगत गुण, सर्वसत्तावादी ।**

### १. विषयपरिचय

कपिल लामिछानेको अक्टोपसहरू एकमात्र प्रकाशित लामो कविता हो । अक्टोपसहरू देशको विषम परिस्थितिमा अर्थात् द्वन्द्वको समयमा जन्मेको कविता हो । भैरहवा बहुमुखी क्याम्पसबाट प्रकाशित हुने 'क्षितिज' अङ्क ९, २०५९ पत्रिकामा प्रथम पटक प्रकाशित भई २०६१ सालमा पुस्तकाकार रूपमा यसको प्रकाशन भएको हो । यस लामो कविताको रचनागर्भका बारेमा स्वयं लामिछानेको स्वीकारोक्ति यस्तो रहेको छ - "२०५० साल वैशाख १ गते मनाइने नयाँ वर्षमा शुभकामना आदानप्रदान कार्यक्रमका लागि केही लेख्ने विचार गर्दै टेलिभिजन हेरेका बेला टिभीमा अक्टोपसको जीवनचक्र र कार्यव्यापार आइरहेको थियो । मान्छेको चरित्र र अक्टोपसको चरित्र । एउटा जलजन्तु र अर्को थल जन्तु । एउटा विरूप । प्रयोगवादी कविताझैं विसंरचनाशील । यी दुई जन्तु बिच कहीँ कतै एउटा मेल-सम्मेल । त्यही कविता बन्यो- अक्टोपसहरू ।" यसरी हेर्दा कविले हिंस्रक जन्तु अक्टोपसको व्यवहार र वर्तमान विश्व समुदायको मानवको व्यवहारमा सादृश्य देखिएकाले त्यसैलाई प्रस्तुत गर्ने जमर्को स्वरूप यो लामो कविता रचना गरेको स्पष्ट हुन्छ । अक्टोपस यस्तो जीव हो जुन हिंस्रक स्वभावको हुन्छ र परिस्थितिअनुसार रूप परिवर्तन गर्न सक्छ र तीव्र आक्रमणको क्षमता राख्छ । यही अक्टोपसको व्यवहारसँग मानवीय व्यवहारलाई तादात्मीकरण गरी यो काव्य लेखिएको छ । गङ्गा गए गङ्गादास, जमुना गए जमुनादास नाम बदल्न जान्ने अक्टोपसहरू कतै लाल सलाम- कतै जय नेपाल रङ्ग बदल्न सिपालु छन् । त्यसैले देश अप्ठ्यारामा परेको वेला देशलाई कसरी सघाउने भन्नेभन्दा परिस्थितिलाई अझ धमिल्याएर आफ्नो स्वार्थ पूर्ति गर्ने प्रवृत्तिका व्यक्तिहरूको इतिवृत्तिका रूपमा देखिएको प्रस्तुत लामो कविता अक्टोपसहरूमा केकस्तो विचार अभिव्यक्त भएको छ भन्ने समस्यामा केन्द्रित रही यस काव्यले दिएको सन्देशलाई यस लेखमा निरूपण गरिएको छ ।

### २. अध्ययन विधि

प्रस्तुत लेखमा कपिलदेव लामिछानेको अक्टोपसहरू लामो कविताको विश्लेषण गरिएको छ । यसका लागि आवश्यक पर्ने सामग्रीको सङ्कलन प्राथमिक तथा द्वितीयक स्रोतबाट गरिएको छ । यस लेखमा विवेच्य कृतिलाई प्राथमिक स्रोतको सामग्रीका रूपमा लिइएको छ भने कृतिका बारेमा भएका अध्ययनलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा लिइएको छ । यी दुबै प्रकृतिका सामग्री पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ । त्यस्तै कृतिको विश्लेषणमा खण्डकाव्य सिद्धान्तलाई नै आधार बनाइएको छ । यस लेखमा कृतिको पठन र विश्लेषण गरी निष्कर्षसम्म पुगिएको छ ।

*उप-प्राध्यापक, नेपाली शिक्षण विभाग, बुटवल बहुमुखी क्याम्पस, बुटवल

### ३. अक्टोपसहरू लामो कवितामा काव्यिक चेतना

विवेच्य 'अक्टोपसहरू' लामो कवितामा समसामयिक युगजीवनका विभिन्न क्षेत्रमा संलग्न व्यक्तिहरूको व्यवहार अत्यन्तै स्वार्थी बन्दै गएको र त्यसबाट जनताले पीडा भोग्नुपरेको वास्तविक तथ्यलाई मुख्य विषय बनाइएको छ । नेतृत्व तहमा पुगेका व्यक्तिहरूको कुकृत्यबाट राष्ट्रमा उत्पन्न भएको समस्यालाई उद्घाटन गर्दै कविले आज देश मात्र होइन सम्पूर्ण विश्वसमुदायमा मानवता हराउँदै गएको तथा मानिस हिंस्रक जीव पशुसरह बन्न पुगेको तितो यथार्थलाई प्रस्ट पारेका छन् । विवेच्य लामो कविता कविले वर्तमान परिस्थितिमा मानिसमा हिंस्रक जन्तु अक्टोपसको जस्तो व्यवहार देखेर मानिसलाई डरलाग्दो जन्तुका रूपमा प्रस्तुत गरी रचना गरेको देखिन्छ (पौड्याल, २०६५ : ९४) । आज विश्वका मानिसमा मानवता, दया, सेवा, सद्भावजस्ता गुणहरू हराउँदै गएको तथा मानिस हिंस्रक जीव पशुसरह बन्न पुगेको यथार्थलाई प्रस्ट पार्ने काम यसमा गरिएको छ । राष्ट्र एवं सिङ्गो विश्वका शासकहरू, राजनेताहरू, राजनैतिक व्यक्तित्वहरूको व्यवहारमा अक्टोपसका गुणहरू रहेका छन् भन्दै कविले यस लामो कवितामा आफ्नो अभिव्यक्तिलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेका छन् । कुनै एक देशका मात्र नभएर सम्पूर्ण विश्वका शासकहरूले आफ्नो पाशविक प्रवृत्ति देखाएर सोझा-साझा जनताहरूमाथि गर्ने दुराचारलाई कविले यस लामो कवितामार्फत प्रस्तुत गरेका छन् (पौड्याल, २०६५ : ९४) । कविले वर्तमान विश्वपरिस्थितिका शासकहरूलाई अक्टोपसको संज्ञा दिँदै तिनीहरूले गर्ने व्यवहारको पर्दाफास गरेका छन् । रातीमा हिँड्ने डरलाग्दो हिंस्रक जन्तु अक्टोपसलाई प्रस्तुत गर्दै त्यसको व्यवहारमा मानवीय व्यवहारको सादृश्य देखाउने प्रवृत्ति यस लामो कवितामा पाइन्छ (पौड्याल, २०६१ : ५) । रूप परिवर्तन गर्ने मानिसको व्यवहारलाई कवितामा यसरी व्यक्त गरिएको छ :

(१) थुप्रै अक्टोपसहरू मौलाएका छन्
जो प्रायः रातमा सिकार गर्छन्
जो रङ बदल्छन्
रूप र आकार पनि बदल्छन्
र मेरो समाजलाई छल्छन् । (अक्टोपसहरू, पृ.५)

यस कवितांश (१) मा दिनभर भद्रभलादमी, सहयोगी, उदार हृदय भएका देखिने मानिसहरू आफ्नो रूपरङ बदलेर रातारात अवैध काम गरी समाजका आँखा छल्ने गरेका छन् र यस्ता व्यक्तिहरू गुहुमा गन्धे झार मौलाएझैं मौलाएका छन् भन्ने कुरा अभिव्यक्त भएको छ ।

कविले समय र परिस्थितिअनुसार आफ्नो स्वार्थपूर्तिका लागि बोली, विचार, परिवर्तन गर्ने व्यक्तिहरूप्रति तिखो व्यङ्ग्य गरेका छन् । जनताहरूलाई झूठा आश्वासन बाँडेर सत्तामा पुगी शक्तिको दुरूपयोग गर्ने नेताहरूको व्यवहारलाई यसमा प्रस्तुत गरिएको छ :

(२) अक्टोपसहरू
गङ्गा गए गङ्गादास
जमुना गए जमुनादास
नाम बदल्छन्
कतै लालसलाम
कतै जयनेपाल
रङ बदल्छन्
++ ++

(३) अक्टोपसहरू
बोली बदल्छन्
भाषा भेष बदल्छन्
नारा बदल्छन्
घर सहर
स्वास्नी छोराछोरी
अक्टोपसहरू
सारा बदल्छन् । (अक्टोपसहरू, पृ.६)

यी कवितांश (२) र (३) मा स्थान, परिस्थिति र समयअनुसार आफ्नो स्वार्थका निम्ति नाम, बोली, विचार, रूप, आकार बदल्न खप्पिस व्यक्तिहरू भाषा र स्वास्नी छोराछोरीसमेत परिवर्तन गर्न पछि हट्दैनन् भन्दै कविले अक्टोपसरूपी यस्ता व्यक्तिहरू भनेको काम नगर्ने स्वभाव भएका हुन्छन् र यिनले समाजलाई छलिरहेको कुरा प्रस्तुत गरेका छन् । । गङगा गए गङगादास, जमुना गए जमुनादास नाम बदल्न जान्ने अक्टोपसहरू कतै लाल सलाम, कतै जय नेपाल भनी रङ बदल्न सिपालु छन् । यिनीहरू देशमा अप्ठेरो परेको बेला देशलाई बचाउनपट्टि नलागी परिस्थितिलाई अझ धमिल्याएर आफ्नो स्वार्थ पूर्ति गर्न चाहने प्रवृत्तिका व्यक्तिहरूको इतिवृत्तलाई यसमा देखाइएको छ ।

अक्टोपस जन्तुको कुनै रूप, रङ, आकार निश्चित नभए जस्तै अहिलेका नेताहरूलाई अक्टोपससँग आरोप गर्दै यिनीहरूको बोली, व्यवहार, सिद्धान्त कुनै कुराको निश्चित नभएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । अक्टोपसरूपी चरित्रका मानिसका बारेमा कसैले अनुसन्धान गर्न नसकेको र तिनको रूप, रङ, ढाँचा बुझ्न नसकेको धारणा राख्दै कविले संसारका महान् व्यक्तिले समेत

यस्ता मानिसको स्वभाव बुझ्न नसकेको कुरा प्रस्ट पारेका छन् । अक्टोपसहरू स्वभावत हिंस्रक जलजन्तु हुन् । यिनीहरूले रूप आकार फेरेर छलबल गरेर आफ्नो स्वार्थ पूर्ति गर्छन् भन्ने कुरालाई यसरी प्रस्तुत गरिएको छ :

(४) अक्टोपसहरू
जे बोल्छन्
त्यो गर्दैनन्
जे गर्छन्
त्यो बोल्दैनन्
उल्टो बोल्छन्
सुल्टो गर्छन्
सुल्टो बोल्छन्
उल्टो गर्छन्
अक्टोपसहरू
जे जे नगर्नुपर्ने
त्यही त्यही गर्दछन्
जे जे गर्नुपर्ने
त्यही त्यही मात्र गर्दैनन्
र, मेरो समाजलाई छल्छन् । (अक्टोपसहरू, पृ. ७)

यस कवितांश (४) मा हाम्रो देशको द्वन्द्वको समयमा अक्टोपसहरू रूपपरिवर्तन गरी आफूअनुकूल जस्तो पनि काम गर्न पछि हट्दैनथे । बोलेको नगर्ने, नबोलेको गर्ने, सुल्टोउल्टो गर्ने र समाजका लागि जे आवश्यक छैन त्यही गर्दथे भन्दै तिनका व्यवहारप्रति यसमा कडा प्रहार गरिएको छ ।

कविले अक्टोपसरूपी मानिसको व्यवहारका कारण न्याय छेकिएको छ, अपहरण, लुटपाट, चोरीडकैती चरमचुलीमा पुगेको छ, उद्योग कलकारखाना जीर्ण बनेका छन्, सभ्यताहरू हराएका छन् भन्ने कुरा यस काव्यमा प्रस्ट्याएका छन् :

(५) न्याय हरायो
गोर्खा जाऊँ
अक्टोपसका लहराले छेक्छन्
++ ++

(६) हिजो एउटा मान्छे हरायो
आज अर्को मान्छे हरायो
हराउने क्रम जारी छ
++ ++
कलकारखाना
पुलपुलेसा हराए
गाउँबस्तीहरू
सभ्यता हराए । (अक्टोपसहरू, पृ.९)

यी कवितांश (५) र (६) मा अक्टोपसहरूका क्रियाकलापले देशमा करुणा, स्नेह, बन्धुत्व, न्याय, मानवता र स्वयम् मान्छेसमेत हराएका छन्, देश र जनतालाई नभई नहुने उद्योग, कलकारखाना, पुलपुलेसा, गाउँबस्तीहरू र सभ्यताहरू पनि हराएका छन् भन्ने धारणा प्रस्तुत भएको छ । मानिसमा रहेको अक्टोपसत्वका कारण न्याय हराएको, अपहरण बढेको, भ्रष्टाचार मौलाएको, मानवता ह्रास भएको कुरा गरिएको छ ।

कमिसनको दाउमा रातारात महङ्गी बढाएर जनताको ढाड सेक्न पल्केका अक्टोपसरूपी सत्तासीन व्यक्तिहरूमा देखापरेको विकृति, स्वार्थी व्यवहारलाई प्रस्ट पार्दै कविले अक्टोपसहरूको व्यवहारलाई कवितामा यसरी देखाएका छन् :

(७) अक्टोपसहरू
रातमा आगो झोसेर बस्तीमा
दिनमा राहत वितरण गरेर
सहानुभूति सोहर्न खोज्छन्
++ ++

(८) अक्टोपसहरू
जुलुस निकाल्छन्
आमसभा र गोष्ठीमा
मौन धारण गर्छन्
सहिदका नाममा
रातमा सहिद बनाउँछन्
दिनमा सम्मान जनाउँछन् । (अक्टोपसहरू, पृ.१०)

यी कवितांश (७) र (८) मा सङ्लो पानी धमिल्याएर माछा मार्न खोज्ने अक्टोपसरूपी शासकहरूले रातमा बस्तीमा आगो लगाउने र दिनमा राहत वितरण गरेर सहानुभूति बटुल्न खोज्ने तथा रातमा सहिद जन्माउने र देखाउनका लागि दिनमा सहिदको सम्मान कार्यक्रम गरेर मौनधारण काममा संलग्न रहने गरेको कुरालाई प्रस्तुत गरिएको छ ।

निर्माण र विध्वंश दुवै कार्य गर्दा हर्षित हुने, कामचोर र घुसखोरीमा संलग्न हुने, चुनाव जिते पनि हारे पनि फलिफाप नै हुने अक्टोपसहरूका लागि चुनाव महान् उत्सव हुने कुरा यसमा व्यक्त भएको छ । कवि कपिल लामिछानेका अक्टोपसहरू घुम्ने कुर्सी हुन्, घुम्ने कुर्सीमा बस्ने मान्छेहरू हुन्, यिनीहरू गाउँ गाउँ डुल्छन्, मादल र खैंजडी बजाउँदै, सारङ्गी र गीतार रेट्दै, गीत गाउँदै मित लगाउँछन् र आफ्नो बनाउँदै स्वार्थ पूर्ति

गर्छन् । यिनीहरूसँग सबै चिज गर्ने सिप छ । सिप प्रयोग गरे देश समाज बन्छ तर त्यसो नगर्न यिनीहरूलाई निर्देशन छ । त्यसैले पिठ्युँमा रसदपानी र बमगोलाहरू बोकेर जनता तर्साउने यिनीहरूलाई रहर छ । शुभकामना र समवेदनाका शब्दहरू बर्साउन आतुर नेताहरू कुर्सीका लागि चुनावी खेल खेल्छन्; कुर्सी जोगाउने दाउमा हत्या, हिंसा मच्चाएर शान्तिका नारा फलाक्छन्, अझ जनतालाई सुरक्षा दिने निहुँमा जनताकै तात्तातो गिदीको ब्रेकफास्ट गर्छन् भन्दै कविले वर्तमान समयमा सत्ताको खेलमा शक्तिप्रदर्शन गरिरहेका सत्तासीन व्यक्तिहरूको चरित्रलाई नाङ्गो पारिदिएका छन् :

(९) मानवताका दुश्मनझैं
आचमनी गर्दै रगत र आँसुको
मेरा बाआमा, दिदीबहिनी र दाजुभाइका
टाउका फुटाएर
तिनको तात्तातो गिदीले ब्रेकफास्ट गर्छन्
मुटु र कलेजोको भुटुवा बनाएर
साँप्राको सेकुवा बनाएर
अक्टोपसहरू
हरेक साँझ डिनरमा स्न्याक्स लिन्छन् । (अक्टोपसहरू, पृ.२०)

यस कवितांश (९) मा घुस खान पल्केका अक्टोपसहरू प्रत्येक बस्तीमा पाइन्छन् भन्दै यिनीहरू दुनियाँका अचम्मका प्राणी भएको कविको ठम्याइ छ । कविले विस्फोट, आतङ्क र झगडा मच्चाउन सिपालु अक्टोपसहरू मानिसको गिदीको तात्तातो ब्रेकफास्ट गर्छन् र मुटु तथा कलेजाको भुटुवा एवं साँप्राको सेकुवा बनाएर साँझको डिनर गर्छन् भन्दै उनीहरूको अत्याचारी र विध्वंसक स्वभावलाई प्रस्ट पारेका छन् ।

भ्रष्टाचार जस्तो कुकृत्यमा संलग्न अक्टोपसहरू दाल, भात, तरकारी मात्र होइन, सिमेन्टका बोरा, पुलपुलेसा, हेलिकोप्टर, बोइङ, जेट, ढुङ्गा, अलकत्रा, सुत्केरी औषधि खानसमेत पछि पर्दैनन् र जस्तोसुकै व्यवहार गर्न पनि जानेका हुन्छन् भन्ने कविको ठहर छ । विकास निर्माण तथा औषधि उपचारका नाममा बजेट हत्याउने अक्टोपसरूपी व्यक्तिहरूको भ्रष्टाचारी स्वभावका बारेमा कविको हुङ्कार यस्तो छ :

(१०) अक्टोपसहरू
दाल, भात, तरकारीमात्र होइन
सिमन्टेका सैयौं बोरा खाइदिन्छन्
पुलपुलेसा खाइदिन्छन्
हेलिकोप्टर, बोइङ, जेट निलिदिन्छन्
रोडा, ढुङ्गा, अलकत्रा बुत्याइदिन्छन्
सुत्केरी औषधी
वनबुट्यान खाइदिन्छन् ।
यो कुरा खानु हुन्न भनी
अक्टोपसको धर्मशास्त्रमा लेखेको छैन
नीतिशास्त्रमा लेखेको छैन
त्यसैले तिनीहरू
अरूका कुरा खानुबाहेक
अरू सबथोक खाइदिन्छन् । (अक्टोपसहरू, पृ.१६)

यस कवितांश (१०) मा कविले कर्मचारीतन्त्रमा देखापरेको कामचोर र घुसखोरी प्रवृत्ति, धर्मका नाममा अरूको अन्नपानी जलाएर तस्करले भन्दा बढी कमाउन खोज्ने धार्मिक विकृति, विकासका नाममा गरिने भ्रष्टाचार, सत्ताको उन्माद चढेर कानुनको उपहास गर्ने तथा देशका महत्त्वपूर्ण वस्तु बिक्री गर्ने, अनौतिक र व्यभिचारी कार्यमा संलग्न हुने, बालबालिका, महिला र अशक्तको हक अधिकार खोस्नेजस्ता स्वभाव भएका व्यक्तिलाई अक्टोपसको आरोप गरी यिनलाई अविचारक, असत्यका मसिहा र प्रतिगामी भएको ठहर गरेका छन् ।

अक्टोपसलाई कविले हितोपदेशका व्याघ्र, डा. जेकेल एन्ड मि. हाइड, शकुनी, कंश, रावण, जिउस, सिसिफसको उपमा दिंदै साहित्यका माफिया, कालाबजारी कार्यमा संलग्न फिरन्ते, विकृति र विसङ्गतिका संवाहकका रूपमा चित्रण गरेका छन् र यस्तो प्रवृत्तिलाई हटाउन नसकिने धारणा राखेका छन् । साथै यिनलाई साहित्यका माफिया, मूर्ति तस्करी, बहुमूल्य जडीबुटी तस्करी, चेलीबेटी बेचबिखनमा संलग्न व्यक्ति र विसङ्गति एवं विकृतिका संवाहकका रूपमा प्रस्तुत गरिएको छ :

(११) अक्टोपसहरू
देश देशान्तर घुम्छन्
आफू मात्र घुम्दैनन्
हात्तीका दाँत र
गैंडाका सिङलाई पनि घुमाउँछन्
मृग र बाघका छालालाई पनि घुमाउँछन्
कस्तुरीका बिना
रङ्गी विरङ्गी सुनगाभा
र जडीबुटीलाई घुमाउँछन्
मायाप्रीतिका नाटक रचेर
चेलीबेटीलाई पनि घुमाउँछन् । (अक्टोपसहरू, पृ. १२)

(१२) अक्टोपसहरू

अक्टोपसले झैं

अनन्त अन्डा पारेर

अक्टोपसहरू जन्माउँछन्

र, मेरो समाजलाई छल्छन् । (अक्टोपसहरू, पृ.१३-१४)

यस कवितांश (११) मा विभिन्न बहानामा हुल बाँधेर विदेश भ्रमण गर्ने अनि बहुमूल्य मूर्ति, वस्तु, जडीबुटी तथा चेलीबेटीसमेत सँगै लिएर जाने र तिनलाई बेचेर रातारात धनाढ्य बन्न पुगेको वास्तविकतालाई उद्घाटन गरिएको छ । देशका संस्कृति, वन्यजीवाशेष र आफ्नै सन्तानसमेत सीमा पारि पुऱ्याएर तृप्तिमा मस्त हुने अक्टोपसहरू घुनझैं जताततै फैलिएका हुन्छन् भन्ने कुरा अभिव्यक्त भएको छ । त्यस्तै कवितांश (१२) मा सत्तासीन व्यक्तिमा अक्टोपसको व्यवहार रहेझैं तिनका उत्तराधिकारीमा समेत यही गुण रहेको हुन्छ भन्दै अक्टोपसत्व वंशानुगत गुणजस्तै विभिन्न पुस्तामा हस्तान्तरण हुँदै जाने र यस्तो व्यवहारको कहिल्यै पनि अन्त्य नहुने तथ्यलाई उद्घाटन गरिएको छ ।

कवि लामिछानेले अक्टोपसहरूको शब्दकोशमा असम्भव तथा इमानदार शब्द नहुने र यिनीहरूमा राष्ट्रवादी सोच नहुने तथा यथार्थ अभिव्यक्ति दिने शिक्षित व्यक्ति यिनीहरूलाई मन नपर्ने कुरालाई यसरी प्रस्तुत गरेका छन् :

(१३) अक्टोपसहरू

गीत-सङ्गीत सुन्छन्

तर, तिनीहरू कविकलाकारलाई

देखि सहन्नन्

किनभने

तिनीहरू यथार्थ पचाउन सक्दैनन्

साँचोसाँचो रुचाउन सक्दैनन् ।

(अक्टोपसहरू, पृ. २१)

यस कवितांश (१३) मा विकृतिको विरोध गर्ने र अमानवीय क्रियाकलापहरूको आलोचना गर्ने कविकलाकारलाई तुच्छ दृष्टिले हेर्ने तथा साहित्यकारले देखाएको यथार्थ मन नपराउने अक्टोपसरूपी व्यक्तिका स्वभावलाई स्पष्ट पारिएको छ ।

चाकरीचाप्लुसीमा लिप्त अक्टोपसहरू नियमकानुन र अनुशासनलाई तिलाञ्जलि दिएर कामचोर प्रवृत्तिका हुन्छन् र जनताको काम आलटाल गरेर बिना पैसा गर्न चाहँदैनन् । अरूलाई फसाउन खोज्ने अक्टोपसहरू आत्मरक्षाका लागि भूमिगत भए पनि शक्तिसञ्चय गरेर विध्वंश मच्चाउन चाहन्छन् । प्रतिगामी स्वभावका अक्टोपसहरू हिंस्रक बाघ र छट्टु स्याल हुन् भन्दै यिनलाई उपियाँ झैं स्वार्थी जीवका रूपमा प्रस्तुत गरिएको छः

(१४) अक्टोपसहरू

आफ्नो काम पूरा भएपछि

मरेको सिनोलाई

उपियाँले छाडेझैं

चटक्कै छाड्छन् । (अक्टोपसहरू, पृ.२८)

यस कवितांश (१४) मा जीवित हुँदासम्म रगत चुस्ने र मरेपछि च्वाट्ट छोडिदिने उपियाँको प्रवृत्तिलाई अक्टोपसरूपी शासकका व्यवहारसँग तादात्म्य गरिएको छ ।

कविले धर्मयुद्ध, जातीय युद्ध, वर्गीय युद्ध मच्चाएर तमासा हेर्न पल्केका सत्तासीन झिल्के व्यक्तिहरू जनताकै रगत पिएर तथा सेकुवा र सुरुवा खाएर अहिंसा र शान्तिका व्याख्यान फलाक्छन् भन्दै यिनलाई चमेरे र छेपारे नीतिका अराष्ट्रवादी र बेइमानको पगरी गुताइदिएका छन् । अक्टोपसहरू यति स्वार्थी हुन्छन् कि उनीहरू आफ्नै जाति प्रजाति पनि डर्काछन् । त्यसैले रीतिरिवाज, परम्परा, धर्म नमान्ने यिनीहरू सहअस्तित्वमा मिली बसेका विश्वसमाजमा धर्मयुद्ध, जातीय युद्ध, वर्गीय युद्ध मच्चाएर मानिस बिच काटाकाट मारामार गराउँछन् र आफूचाहिँ छेउमा उभिएर तमासा हेर्छन् । यिनीहरू वसुधैव कुटुम्बकम् भनेर आजको युगमा पनि छिछिः र दुरदुर गर्छन्, तिनको पानी चलाउँदैनन् तर तिनकै धन र तन चलाएर तिनीहरूकै मन जलाउँछन् । यस्तो प्रवृत्तिलाई यसरी प्रस्तुत गरिएको छ :

(१५) अक्टोपसहरू

बेमौसमका राग अलाप्छन्

महायुद्धका बेला

हाततियार लुकाएर

स्वस्ति वाचन गर्छन्

कलशयात्रा गर्छन्

र शान्तिका बेला

लाठा मुङ्ग्रा उठाएर

साम्प्रदायिक दङ्गा भड्काउँछन् । (अक्टोपसहरू, पृ.२३)

यस कवितांश (१५) मा चमेरे र छेपारे नीतिका अक्टोपसहरू धर्म तथा जातिका नाम विध्वंश एवम् युद्ध मच्चाएर रमिता हेर्न चाहने, बैमौसमको राग अलापी महायुद्धका बेला हतियार लुकाउने अनि स्वस्तिवाचन गरी कलश यात्रा गर्ने तथा शान्तिका बेला लाठामुङ्ग्रा उठाएर साम्प्रदायिक दङ्गा भड्काउने स्वभावका हुन्छन् भन्दै वर्तमानका नेताहरूको चरित्रप्रति तीक्ष्ण व्यङ्ग्य गरिएको छ ।

समाजलाई अहित हुने कार्य गरेर दुःख दिने स्वभावका अक्टोपसहरू चाकरी, चाप्लुसी र दौडाहामा आफूलाई लगाएर जनतालाई ठगिरहेका छन् । आफूलाई धर्मशास्त्रका ठेकेदार सम्फेर अरूका आँखामा छारो हाली सम्पत्ति कुम्लाउने कार्यमा यिनीहरू व्यस्त छन् भन्ने कुरालाई कविले यसरी प्रस्तुत गरेका छन् :

(१६) अक्टोपसहरू
धर्मका नाममा
यज्ञ महायज्ञ लगाउँछन्
अरूको अन्नपानी जलाउँछन्
तस्कर र व्यापारीले भन्दा
बढीबढी कमाउँछन् । (अक्टोपसहरू, पृ.२३)

यस कवितांश (१६) मा अक्टोपसहरूले धर्मका नाममा यज्ञ लगाउने, अरूको अन्न जलाउने र त्यसैबाट आफूले प्रशस्त धन कमाउने गर्दछन् भन्दै धर्ममा देखिएको विकृतिलाई देखाइएको छ ।

अक्टोपसहरू देशका नदीनाला बेच्ने, हिमालको हिउँ सोस्ने, महिला अशक्तका हकअधिकार खोस्ने, भाइ र गाई मारेर विदेशी गधालाई पोस्ने, म खाऊँ मै लाऊँको महान् विचार बोक्ने हाँडी घोप्टे हुन्छन् र सर्वसत्तावादी हुन्छन् भन्ने कविको विचार छ । त्यस्तै परिस्थितिअनुसार नीतिपरिवर्तन गर्ने अक्टोपसहरू युद्धजन्य वातावरण मन पराउँछन्, अपहरण र लुटपाटमा संलग्न हुन्छन्, कानुनको उलङ्घन गर्छन् भन्दै कविले यिनलाई भाइ मारेर होस् वा गाई मारेर होस्, विदेशी प्रभुलाई खुसी तुल्याउन सिपालु व्यक्तिका रूपमा देखाएका छन् । म खाऊँ,मै लाऊँको हाडी घोप्टे र मपाइँ नीतिका अक्टोपसहरू नेपाली समाजका विकृति हुन् भन्दै कामचोर र घुसखोरी प्रवृत्ति भएका यिनलाई कविले गतिलो झापड दिएका छन् । नेपाली समाजका अक्टोपसत्व भएका व्यक्तिलाई कविले हिंस्रक बाघ, छट्टु स्याल, ढाडे बिरालो, उपियाँ, छोडुवा साँढेको उपमा दिँदै यिनीहरूको व्यवहारलाई यस काव्यमा देखाएका छन् ।

आस्था र विचार स्खलित भएका अवसरवादी र स्वार्थी अक्टोपसहरू सत्ताप्राप्तिका लागि फोहोरी खेल खेल्ने तथा बन्दुकका भरमा सत्ता प्राप्त गर्न खोज्छन् अनि सत्ताप्राप्तिपछि सत्तासिंहासन टिकाइरहन बन्दुक समाउन र चलाउनसमेत पछि पर्दैनन् भन्दै कविले विश्वराजनीतिमा देखापरेको सत्ताप्राप्तिको सङ्घर्षलाई नाङ्गेझार पारेका छन् । अक्टोपसहरूको स्वभाव विध्वंसात्मक हुने कुरालाई कवितामा यसरी उद्घाटन गरिएको छ :

(१७) अक्टोपसहरू
विकृति हुन्
विसङ्गति हुन्
अक्टोपसहरू
अस्वीकृति र
विसंस्कृति हुन्
अक्टोपसहरू
संरचनाका दुस्मन
विसंरचना हुन् ।
अक्टोपसहरू
रात रुचाउँछन्
पक्षपात रुचाउँछन्
तमसो मा ज्योतिर्गमयका दुश्मन
अक्टोपसहरू
राणा रुचाउँछन्
जार रुचाउँछन्
अक्टोपसहरू
निर्माण होइन
संहार रुचाउँछन् । (अक्टोपसहरू, पृ.३३-३४)

यस कवितांश (१७) मा भाषणमा महान् विचार फलाक्ने अक्टोपसहरू समानताका विरोधी, सत्तामोही, शान्तिका विरोधी, अन्यायका पक्षपोषक, विद्रोही, सुविधाभोगी, विश्वसमाजका विकृति, विसङ्गति, अस्वीकृति, विसंस्कृति, विसंरचना हुन् भन्दै कविले यिनलाई तमसो मा ज्योतिर्गमयका दुश्मनका रूपमा हेरेका छन् । यहाँ तानातान र छिर्की हान्ने खेल खेल्न खप्पिस यिनीहरू बन्दुकले सत्ता हत्याउन चाहने हुन्छन् भन्ने कुरालाई प्रकट गरिएको छ ।

निर्माण नभई संहार रुचाउने, मानवतावादी प्रमिथसलाई यातना दिने, वासुदेवलाई कारागार पठाउने र रामलाई वनवास पठाउने अक्टोपसले अनादिकालदेखि नै समाजलाई छल्दै आएको छ भन्दै कविले अबको मानव अक्टोपसको व्यवहारका विरुद्ध विद्रोह गर्न एकताबद्ध भए पनि अक्टोपसहरू डायनासोरझैं धर्तीबाट निमिट्यान्न हुने अवस्थामा नरहेकाले सर्तक हुनसमेत आह्वान गरेका छन् :

(१८) अक्टोपसहरू
नभए हुन्थ्यो
तर अफसोस
अक्टोपसहरू

डायनासोरझैँ

धर्तीबाट

निमिट्यान्न हुने अवस्थामा भने छैनन् । (अक्टोपसहरू, पृ.३६)

यस कवितांश (१८) मा अक्टोपसहरूले विश्वसमाजमा जरा गाडेर विश्वलाई तहसनहस गरिरहेका छन् । यिनीहरू विरुद्ध एकजुट भएर मानवले जतिसुकै घृणा गरे पनि अक्टोपसहरू डायनासोरझैँ धर्तीबाट निमिट्यान्न हुने अवस्थामा नरहेको कुरा व्यक्त भएको छ ।

अनादिकालदेखि रङ्गरूप फेर्दै लुक्दै छिप्दै वंश चलाउँदै आएका यी अक्टोपसहरूको प्रवृत्तिलाई कवितामा यसरी देखाइएको छ :

(१९) धृष्टराष्ट्रझैँ अन्धा हुन्छन्

र गन्धारीझैँ

आँखा हुँदा हुँदै पनि

आँखामा पट्टी बाँधेर हिँड्छन् । (अक्टोपसहरू, पृ. ३५)

यस कवितांश (१९) मा धृष्टराष्ट्र र गान्धारीका मिथकीय सन्दर्भमार्फत अक्टोपसरूपी शासकहरू आफूले जस्तोसुकै अन्याय गरे पनि नदेखेझैँ गर्ने र धर्मको पालना गरेको ठान्ने कुरालाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत लामो कवितामा कविले विश्व राजनीतिका फोहोरी खेल, राजनैतिक व्यक्तित्वका दुर्व्यवहार एवम् नेपाली राजनीतिको विकृतिलाई पर्दाफास गरेका छन् । विश्व राजनीतिमा नेतृत्व तहमा पुगेका व्यक्तिको चरित्रलाई अक्टोपसको संज्ञा दिँदै कविले यिनीहरूलाई बहुरूपी र आफ्नो स्वार्थअनुसार व्यवहारपरिवर्तन गर्ने जन्तुका रूपमा उभ्याएका छन् । राष्ट्रिय ढुकुटीको सत्यानास गरेर प्लेनमा उड्ने र पजेरोमा गुड्ने, बहुमूल्य वस्तुको तस्करमा संलग्न हुने, चुनावी खेललाई उत्सव ठान्ने, परिस्थितिअनुसार शुभकामना र समवेदनाका शब्दहरू बाँड्ने, भ्रष्टाचारी क्रियाकलापमा संलग्न हुने, जातीय र धार्मिक युद्ध मच्चाउने, सत्तामा टिकिरहन चाहने, मानवतावादीलाई नरुचाउने, परिवर्तनका खोक्रा भाषण छाँटेर जनतालाई छल्न खोज्ने स्वभाव भएका राजनैतिक व्यक्तिको व्यवहारले नेपाल तथा विश्व नै आक्रान्त बन्न पुगेको र यस्तो प्रवृत्ति फस्टाउँदै गएकोमा चिन्ता प्रकट गरेका छन् । यसरी अक्टोपससरूपी प्रवृत्ति भएका नेतृत्व वर्गले जनताको आकाङ्क्षालाई लत्याएर कसरी आफूमाथि चढ्ने ध्येय राखेका हुन् भन्दै कविले अक्टोपसत्वको विरुद्ध विद्रोह गर्न आग्रह गरेका छन् । यसप्रकार विश्वराजनीति र विश्वसमाजमा देखापरेको असङ्गति, अव्यवस्था, अराजकता, अमानवीयता, असामाजिकता, अराजनीतिकता, असांस्कृतिकता, अशान्ति, असमानता, कुशासन, कुकृत्यजस्ता कुराको प्रस्फुटन गर्नु नै यस लामो कविताको काव्यिक चेतना हो ।

**४. निष्कर्ष**

कवि लामिछानेको 'अक्टोपसहरू' (२०६१) लामो कविता मूलतः रातिमा हिँड्ने हिंस्रक जन्तु अक्टोपसको व्यवहारलाई मानवीय व्यवहारसँग आरोपगरी र तादात्मीकरण गरेर लेखिएको रचना हो । यस लामो कवितामा वर्तमान परिस्थितिका विश्वसमुदायभित्र मानवजातिमा रहेको अक्टोपसत्वलाई सूक्ष्म रूपमा खोतलेर प्रस्ट पारिएको छ । मानव जातिमा रहेको अक्टोपसत्वलाई खोजी गर्ने क्रममा विभिन्न वर्ग, क्षेत्र, समुदायका व्यक्ति र तिनका व्यवहारलाई उदाङ्गो पारिएको छ भने पुराकथात्मक आद्यविम्ब एवं समसामाजिक युगजीवनका विभिन्न प्रचलित-अप्रचलित विम्ब एवं यथोचित प्रतीकको प्रयोगले काव्यात्मक मूल्य उच्च बन्न पुगेको छ । यो लामो कविता नेपाली समाजका विविध क्षेत्र एवम् राजनीतिक क्षेत्रमा चुलिँदै गएको विसङ्गतिलाई मुख्य रूपमा विषय बनाएर लेखिएको हो तथापि यसले सिङ्गो विश्वसमुदायमा देखापरेको आततायीपूर्ण वातावरण र विश्वमानव समाजमा रहेको अक्टोपसत्वलाई प्रस्ट पार्ने काम गरेको छ । तसर्थ यो काव्य आकारमा सानो भए पनि काव्यात्मक मूल्य र गहन विचारलाई बोकेको लामिछानेको सर्वोत्कृष्ट काव्यका रूपमा रहेको छ ।

**सन्दर्भसामग्री**

त्रिपाठी, वासुदेव र अन्य (२०६०), *नेपाली कविता भाग-४,* ते.सं., ललितपुर : साझा प्रकाशन ।

पौड्याल, शालिकराम (२०६१), कपिल लामिछानको अक्टोपसहरू लामो कविता : एक दृष्टि, *जनसङ्घर्ष,* आश्विन १४, पृ.५ ।

..............(२०६५), *रूपन्देही जिल्लाको कविताको इतिहास : सर्वेक्षण र विश्लेषण,* बुटवल : लेखक स्वयम्

लामिछाने, कपिल (२०६१), *अक्टोपसहरू,* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६२), *कविताको संरचनात्मक विश्लेषण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।